# सूर्योदय नगरपालिकाको कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसाय सञ्चालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति- २०८०/०४/१० गते

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसाय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसाय सञ्चालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८०** हुनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले "सूर्योदय नगरपालिकाको कन्याम पर्यटकीय क्षेत्रमा ट्रली व्यवसाय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५"लाई जनाउनेछ।

**३.** मूल कार्यविधिको दफा ४ को खण्ड (ज) पछि देहाय बमोजिमको खण्ड (झ), (ञ), (ट) र (ठ) थप गरिएको छ।

(झ) कुनै पनि ट्रली व्यवसायी लगातार ३० दिनभन्दा बढी बन्द भए वा गरेमा सो को कारण सहित वडा कार्यालय मार्फत समितिमा जानकारी गराउनु पर्नेछ। विना जानकारी सो दिनभन्दा बढी बन्द गरेमा समितिले व्यवसायीलाई बन्द गर्नुको कारण माग गर्न सक्नेछ। समितिलाई प्राप्त स्पष्टीकरण चित्त बुझ्दो नभएमा समितिले व्यवसायीको दर्ता खारेज गर्न सक्नेछ।

(ञ) कुनै पनि व्यवसायीले एक भन्दा बढी ट्रली सञ्चालन र दर्ता गर्न पाइने छैन। कुनै व्यवसायीले यसरी सञ्चालन गरी आएको खण्डमा यो कार्यविधि लागू भएको मितिले एक महिनाभित्र व्यवस्थापन गरिसक्नु पर्नेछ।

(ट) कुनै व्यवसायीले ट्रली व्यवसाय दर्ता गरी विभिन्न कारण देखाउदै कसैलाई भाडामा दिएको पाइएमा यस कार्यविधि लागू भएको मितिले दुई महिनाभित्र स्वयंले व्यवस्थापन गर्नुपर्नेछ अन्यथा समितिले त्यस्ता ट्रलीको व्यवस्था समितिको निर्णय अनुसार गर्न सक्नेछ।

(ठ) कुनै ट्रली व्यवसायीले व्यवसाय परिवर्तन गर्न आवश्यक ठानेमा समितिमा निवेदन दिन सक्नेछ। समितिले प्रत्येक आर्थिक वर्ष शुरू भएको दुई महिनाभित्र दश प्रतिशत नबढ्ने गरी समितिले मापदण्ड तयार गरी परिवर्तन गरिदिन सक्नेछ।

**४. मूल कार्यविधिको दफा ७ को खण्ड (ञ) पछि देहाय बमोजिमको खण्ड (ट) थप गरिएको छ।**

(ज) समितिको कार्यालय वडा नं. ७ लाई तोकिएको छ। साथै यो कार्यविधि लागू भए पश्चात् दर्ता, नवीकरण तथा खारेजीमा एकरूपता ल्याउनको लागि थप व्यवसाय दर्ता, नवीकरण र खारेजीको प्रक्रिया वडा नं. ७ को कार्यालयबाट हुनेछ।

**५. मूल कार्यविधिको दफा ९. विविध को खण्ड (क) पछि देहाय बमोजिमको खण्ड (ख) थप गरिएको छ।**

(ख) ट्रली व्यवसाय सञ्चालन तथा व्यवस्थापनको क्रममा उत्पन्न समस्या वा विवादको निरूपण दफा ६ बमोजिमको समितिबाट नभएमा/हुन नसकेमा सो सम्बन्धमा नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।